# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई व्यावसायिक संस्थाको रूपमा स्थापित गर्दै कम्पनीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न निश्चित कार्ययोजना र उद्देश्यसहित खुला प्रतिस्पर्धाको माध्यमबाट कम्पनीको प्रबन्ध निर्देशक नियुक्त गर्न एवं नियुक्ति प्रक्रियालाई स्वच्छ र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषदले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम **"नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८"** रहेको छ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "**कम्पनी**" भन्नाले "नेपाल दूरसञ्चार कम्पनी लिमिटेड" सम्झनु पर्छ।

(ख) "**नियमावली**" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ।

(ग) "**प्रबन्ध निर्देशक**" भन्नाले नेपाल सरकारबाट नियुक्त कम्पनीको कार्यकारी प्रमुखलाई सम्झनु पर्छ।

(घ) "**मन्त्रालय**" भन्नाले "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" सम्झनु पर्छ।

(ङ) "**सञ्चालक समिति**" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

३. **छनौट विधि र नियुक्ति गर्नेः** (१) मन्त्रालयले खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा प्रबन्ध निर्देशकको नियुक्तिको लागि नाम सिफारिस गर्न देहाय बमोजिमको एक छनौट समिति गठन गर्नेछः

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) दूरसञ्चार वा सूचना प्रविधि वा वित्तिय, लेखा वा सार्वजनिक व्यवस्थापन सम्बन्धी क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव प्राप्त व्यक्ति विज्ञ - सदस्य

(ग) सहसचिव, मन्त्रालय - सदस्य

(२) मन्त्रालयले खुला प्रतिस्पर्धात्मक प्रतियोगिताबाट प्रबन्ध निर्देशकको नियुक्तिको लागि प्रस्तावित नाम सिफारिस गर्दा देहायका आधारमा छनौट गर्नु पर्नेछः

(क) व्यावसायिक कार्य योजना (Business Plan) - ६० अङ्क



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(अ) कम्पनीको परिचय तथा विद्यमान कार्यसम्पादनको अवस्था (Performance Status with Time Series Data) - ५ अङ्क

(आ) कम्पनीको विद्यमान अवस्थामा देखिएका दुर्वल एवम् सवल पक्ष तथा अवसर र चुनौतिको विश्लेषण (SWOT Analysis) - २० अङ्क

(इ) कम्पनीको आर्थिक तथा व्यावसायिक अवस्थाको विश्लेषण (Analysis of Financial and Business Status) - १० अङ्क

(ई) कम्पनीको रणनीतिक योजना (Strategic Plan) - २५ अङ्क

(ख) शैक्षिक योग्यता वापत - ३ अङ्क

(अ) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिको शैक्षिक योग्यता - ३ अङ्क

(ग) अनुभव - १५ अङ्क

(अ) व्यवस्थापकीय पदमा काम गरेवापत प्रत्येक वर्षको २ अङ्कका दरले बढीमा - १२ अङ्क

(आ) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको व्यवस्थापकीय पदमा काम गरेबापत प्रत्येक बर्षको १ अङ्कका दरले बढीमा-३ अङ्क

(घ) अन्तरवार्ता - २२ अङ्क

(३) छनौट समितिले उपदफा (२) बमोजिमको मूल्याङ्कनको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारको नाम वर्णानुक्रमानुसार मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) छनौट समितिबाट सिफारिस भएका उमेदवारहरू मध्येबाट एक जनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रबन्ध निर्देशकको रूपमा नियुक्त गर्नेछ।

(५) उपदफा (४) बमोजिम नियुक्त प्रबन्ध निर्देशकले सञ्चालक समितिको अध्यक्षबाट पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

(६) प्रबन्ध निर्देशकको छनौट सम्बन्धी अन्य कार्यविधि छनौट समिति आफैले तय गर्न सक्नेछ।

४. **सेवा अवधिः** (१) प्रबन्ध निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(२) कम्पनीमा कार्यरत कर्मचारी प्रबन्ध निर्देशक पदमा नियुक्त भएमा निजको साविकको पदाधिकार कायम रहने छैन र साविकको पदवाट समेत स्वतः



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अवकाश हुनेछ। तर, प्रबन्ध निर्देशकको पदमा कार्यरत रहेको अवधि निजको निवृत्तिभरण प्रयोजनको लागि गणना गरिनेछ।

५. **शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य, व्यवस्थापन, अर्थशास्त्र, व्यापार प्रशासन, कानुन, सूचना प्रविधि, इलेक्ट्रोनिक्स इन्जिनियरिङ, टेलिकम्यूनिकेशन इन्जिनियरिङ, कम्प्यूटर इन्जिनियरिङ मध्ये कुनै विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको हुनुपर्नेछ।

६. **कार्य अनभुव:** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड वा सोही प्रकृतिका दूरसञ्चार सेवा प्रदायक संस्था वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निकायको व्यवस्थापकीय पदमा कम्तीमा ३ वर्ष सहित १२ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

**स्पष्टीकरण:-** यस निर्देशिकाको प्रयोजनको लागि "व्यवस्थापकीय पद" भन्नाले तहगत व्यवस्था भएका निकायका हकमा दशौं वा सो भन्दा माथिल्लो तह र श्रेणीगत व्यवस्था भएका निकायको हकमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको श्रेणीलाई बुझाउनेछ।

७. **उमेर:** आवेदन दिने अन्तिम मितिसम्म उम्मेदवारको उमेर ३५ वर्ष पूरा भई ५६ वर्ष ननाघेको हुनुपुर्नेछ।

८. **अयोग्यता:** प्रबन्ध निर्देशकको लागि उम्मेदवार हुन देहायको व्यक्ति अयोग्य मानिनेछः

(क) गैरनेपाली नागरिक,

(ख) प्रचलित कानून बमोजिम व्यावसायिक परिषद् वा संस्थामा दर्ता हुनुपर्ने विषय अध्ययन गरेको हकमा त्यस्तो परिषद वा संस्थामा दर्ता नभएको,

(ग) दरखास्त दिने अन्तिम मितिको ३ वर्ष अगाडिसम्म प्रतिस्पर्धी दूरसञ्चार सेवा प्रदायक संस्थामा काम गरेको,

(घ) कुनै राजनीतिक दलको सदस्य भएको,

(ङ) मानसिक सन्तुलन विग्रिएको,

(च) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्तिसम्बन्धी कारोबारमा निज आफै वा निजको परिवारको कुनै सदस्यको संलग्नता भएको वा सो कम्पनीसँग निजी स्वार्थ रहेको,

(छ) नेपाल सरकार तथा अन्य सार्वजनिक निकायमा व्यक्तिगत बेरुजु बाँकी रहेको,

(ज) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोग अदालतबाट कसुरदार ठहर भएको,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(झ) बैंक वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून वमोजिम कालो सूचीमा परेको, वा

(ञ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएको।

९. **पारिश्रमिक तथा अन्य सुविधाः** प्रबन्ध निर्देशकको पारिश्रमिक र अन्य सुविधाहरू अनुसूचीमा उल्लेख भएबमोजिम हुनेछ।

१०. **कार्यसम्पादन मापन सूचकाङ्कः** प्रबन्ध निर्देशकको कार्यसम्पादनको मापन कम्तीमा देहायका सूचकाङ्कको आधारमा हुनेछ।

| क्र.सं. | सूचकाङ्क | भार प्रतिशत | लक्ष्य प्रतिशत | कार्यसम्पादन प्रतिशत | कार्यसम्पादनको अङ्कभार |
|---|---|---|---|---|---|
| १ | EBITDA Margin | १५ | ५५ | १०० | १५ |
| २ | Broadband Internet Subscriber Annual Growth (Mobile/Fixed) | १५ | १० | १०० | १५ |
| ३ | Net Profit Margin (NPM) | १० | ३० | १०० | १० |
| ४ | Performance Contract मा भएका सूचकाङ्कहरुको प्रगति | ३० | १०० | १०० | ३० |
| ५ | Active Subscriber Ratio (on Billing subscribers) | १५ | ६५ | १०० | १५ |
| ६ | QoS: 3G & 4G Data Speed (upload and download) Increment | १० | ५ | १०० | १० |
| ७* | Key Perfomance Indicators (KPI) | ५ | १०० | १०० | ५ |
| | जम्मा | १०० | | | १०० |

द्रष्टव्य: कार्य सम्पादन मापनबाट न्यूनतम ७० अङ्क हासिल गर्नुपर्नेछ।

* निम्नानुसारका शिर्षकमा निम्नानुसारको प्रगति हासिल गर्नु पर्नेछः

| सि.नं. | शिर्षक (KPI) | लक्ष्य प्रतिशत |
|---|---|---|
| १. | Network Availability | |
| | BSC/BTS - | ९८ भन्दा बढी |
| | MSAN/MSAG/Exchange/OLT | ९५ भन्दा बढी |
| २. | Backbone International Trunk Line Availability | ९९.९९ भन्दा बढी |
| ३. | Billing System Availability | ९९.९९९ भन्दा बढी |
| ४. | Access Network Availability (Subscriber Level) ADSL/PSTN/FTTH | ९५ भन्दा बढी |

माथिको प्रत्येक KPI लाई १/१ का दरले अंक भार विभाजन गरी मूल्यांकन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११. **सूचकाङ्क मापनका आधारहरू:** यस निर्देशिकाको दफा १० मा उल्लेखित प्रस्तुत सूचकको मापन निम्न आधारमा गरिनेछ :

| क्र.सं. | सूचकाङ्क | मूल्याङ्कनका आधार (श्रोत) |
|---|---|---|
| १ | EBITDA Margin | कम्पनीको वार्षिक अन्तिम लेखा परिक्षण भएको वित्तीय विवरण |
| २ | Broadband Internet Subscriber Growth (Mobile/Fixed) | NT MIS Report |
| ३ | Net Profit Margin (NPM) | कम्पनीको वार्षिक अन्तिम लेखा परिक्षण भएको वित्तीय विवरण |
| ४ | Performance Contract | कम्पनीको आवधिक प्रगति बिबरण |
| ५ | Active Subscriber ratio (on billing subscribers) | Billing Data |
| ६ | QoS: 3G & 4G Data Speed (upload and download) Increment | GSM को Core Data |
| ७ | KPI | NT System Data/NTA को MIS Report |

१२. **कार्यसम्पादन सूचकाङ्कको मूल्याङ्कन:** दफा १० बमोजिमको कार्यसम्पादन सूचकाङ्कहरुको मूल्याङ्कन सञ्चालक समितिले हरेक आर्थिक वर्ष समास भएको एक महिना भित्र गरी सोको सिफारिस मन्त्रालयमा पठाउनुपर्नेछ।

१३. **प्रोत्साहन तथा सजाय:** दफा १० बमोजिम कार्यसम्पादन सूचकाङ्कहरू कार्यसम्पादनको स्तरको आधारमा देहायको प्रोत्साहन तथा सजाय गरिनेछः

| कार्यसम्पादनको स्तर | कार्यसम्पादनको मापन | प्रोत्साहन/सजाय |
|---|---|---|
| ९० प्रतिशत वा सो भन्दा बढी | अत्ति उत्तम | प्रशंसापत्र सहित ३ महिनाको मासिक पारिश्रमिक बराबरको रकम प्रोत्साहन। |
| ८०-८९ प्रतिशतसम्म | उत्तम | १ महिनाको मासिक पारिश्रमिक वापतको रकम। |
| ७०-७९ प्रतिशतसम्म | राम्रो | लक्षित प्रगति हासिल गर्न उत्प्रेरित गर्ने। |
| सो भन्दा तलको कार्यसम्पादन स्तर | कमजोर | प्रगति कम हुनाका कारणहरू प्रष्ट पार्न लगाई अभिलेख राखी लक्षित प्रगति हासिल गर्न सचेत गराउने, सो पश्चात पनि कार्यसम्पादनस्तरमा सुधार नभएको खण्डमा सफाइ पेश गर्न मौका दिई सेवाबाट हटाउने। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१४. **<u>अन्य व्यवस्थाः</u>**

(क) प्रबन्ध निर्देशकको कार्यसम्पादनस्तर ७० प्रतिशत भन्दा कम भएको अवस्थामा सञ्चालक समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले पदबाट हटाउन सक्नेछ। यसरी पदबाट हटाउँदा निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

(ख) प्रबन्ध निर्देशकको नियुक्तिको सेवा, शर्त, सुविधा, पारिश्रमिक आदिका विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयबाट गरिएका संशोधनहरू कम्पनीको नियमावलीको अङ्गका रूपमा रहनेछन्।

(ग) प्रबन्ध निर्देशकले प्रत्येक ३ महिनामा सञ्चालक समितिमा प्रगति विवरण पेश गर्नु पर्नेछ। पेश भएको विवरणको आधारमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशनको पालना गर्नु प्रबन्ध निर्देशकको कर्तव्य हुनेछ।

१५. **<u>खारेजी र बचाउः</u>** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७२ खारेज गरिएको छ। उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची

(दफा ९ सँग सम्बन्धित)

**<u>प्रबन्ध निर्देशकको पारिश्रमिक र अन्य सेवा सुविधा</u>**

१. प्रबन्ध निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा देहायबमोजिम हुनेछः

(क) पारिश्रमिक दुई लाख पचास हजार रुपैयाँ मासिक,

(ख) घरभाडाः मासिक साठी हजार रुपैयाँ, काठमाडौं उपत्यकामा घर भएमा १ वर्षमा १ महिनाको मासिक पारिश्रमिक बराबरको घर मर्मत खर्च,

(ग) चाडपर्व खर्चः वार्षिक एक महिनाको पारिश्रमिक बराबरको रकम,

(घ) भ्रमण खर्चः कम्पनीको सञ्चालक सरह,

(ङ) अतिथि सत्कार खर्चः सञ्चालक समितिले तोकेको अधिकार सीमा भित्र रही विल बमोजिमको रकम,

(च) टेलिफोन/इन्टरनेट/टिभी सेवाः कम्पनीको सञ्चालक सरह,

(छ) बिदाः प्रबन्ध निर्देशकलाई वार्षिक रूपमा निम्नानुसार बिदा उपलव्ध गराइनेछः

१. घरबिदा : महिनामा १.२५ दिन र वर्षभरिमा १५ दिन,

२. विरामी बिदा : महिनामा १ दिन र वर्षभरिमा १२ दिन,

३. पर्व बिदा : वर्षमा तीन दिन,

४. भैपरि आउने बिदाः वर्षमा तीन दिन,

५. किरिया बिदाः कूल धर्म अनुसार आफैं किरिया बस्नु परेमा बढीमा १५ दिन,

६. प्रसुती बिदा/प्रसुती स्याहार बिदा अन्य कर्मचारी सरह,

**<u>द्रष्टव्यः</u>** एक वर्षमा तोकिएको बिदा सोही वर्षभरिमा उपभोग गर्नुपर्नेछ। तर, घर बिदाको हकमा अधिकतम् ३० दिन र बिरामी बिदाको हकमा भने प्रबन्ध निर्देशकको कार्य अवधिसम्म सञ्चित गर्न सक्नेछ। यसरी सञ्चित भएको विदा बापतको रकम मासिक पारिश्रमिकको आधारमा एकमुष्ट भुक्तानी दिईनेछ।

(ज) यातायात सुविधाः सवारी चालक सहित एक थान कार र प्रति महिना अधिकतम १५० लिटर इन्धन तथा बिल बमोजिमको मर्मत सम्भार खर्च।

(झ) बिमाः वार्षिक दश लाख रुपैयाँको दुर्घटना बिमा र पाँच लाख रुपैयाँको औषधि उपचार बिमा।

२. प्रबन्ध निर्देशकको बिदा तथा भ्रमण आदेश सञ्चालक समितिको अध्यक्षबाट स्वीकृत हुनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं